स्थायी लेखा नं.: ३०३४२५०२७ सामाजिक कल्याण परिषद् आबद्धता नं.: ३७८७६ जि.प्र.का. काठमाडौं, दर्ता नं.: ०७/२०१९/४/३


# नेपाल इन्जिनियर्स एशोसिएसन

केन्द्रीय कार्यालय

पुल्चोक, ललितपुर

An NS/ISO 9001: 2015 Certified Organization



३४औं केन्द्रीय कार्यकारिणी समिति

अध्यक्ष
इ. सुबास चन्द्र बराल

उपाध्यक्ष
इ. प्रकाश के.सी.

महासचिव
इ. विनोद प्रकाश पण्डित

उप-महासचिव
इ. अनिल मानन्धर

कोषाध्यक्ष
इ. सुमन थापा

सह-कोषाध्यक्ष
इ. कृष्ण प्रसाद पोखेल

सदस्यहरु
आ. प्रियंका गुप्ता
इ. संजय कुमार साह
इ. नेत्र प्रसाद देवकोटा
इ. अनिल पौडेल
इ. भैरव धिताल
इ. सुजन श्रेष्ठ
इ. विक्रम कुमार दास
इ. लोकेन्द्र अधिकारी
इ. एमेन्द्र गुरुङ
इ. यम कृष्ण पौडेल
इ. प्रभुराम पोखरेल
इ. जय किसुन राय
इ. टिकाराम पोखेल
(कर्णाली प्रदेश)
इ. पूर्ण कुँवर
(सुदूरपश्चिम प्रदेश)
इ. अबित के.सी.
(गण्डकी प्रदेश)
इ. पवन कुमार झा
(कोशी प्रदेश)
इ. आकाश बर्मा
(लुम्बिनी प्रदेश)
इ. मेघनाथ ढकाल
(बागमती प्रदेश)
इ. तेज नारायण यादव
(मधेश प्रदेश)


मितिः २०८२/०५/२३

## प्रेस विज्ञप्ति

नेपाल सरकारको हालैको निर्णय अनुसार Facebook, YouTube, WhatsApp, Instagram, Twitter, X लगायतका सामाजिक सञ्जालहरूलाई बन्द गरिएको विषय प्रति नेपाल इन्जिनियर्स एशोसिएसन गंभिर चिन्ता प्रकट गर्दछ । सूचना प्रविधिको दीगो प्रयोग, सूचना प्रवाहको स्वतन्त्रता, नवप्रवर्तन, अनुसन्धान तथा उद्यमशीलता प्रवद्र्धन गर्नुपर्ने वर्तमान अवस्थामा सूचना, शिक्षा, अनुसन्धान र प्रविधि विकासको मूल आधार माथिनै बन्देज लगाइनु जनताको सूचना प्राप्तीको मौलिक अधिकारमा आघात पुगेको हामीले महसुष गरेका छौं । नेपाल सरकारको यो निर्णय लोकतान्त्रिक मूल्य, मान्यता तथा संविधानद्वारा सुनिश्चित अभिव्यक्ति स्वतन्त्रता विरुद्ध रहेको छ ।

विधिसम्मत वैकल्पिक प्रणालीको व्यवस्था तथा विकास नगरि अहिलेको २१ औं शताब्दीको युगमा जनतालाई डिजिटल पहुँचमा बन्देज लगाउनु प्रतिकूल कदम हो, लोककल्याणकारी राज्यले यसो गर्न सुहाउँदैन । देशका हजारौं इन्जिनियर, आर्किटेक्ट, आइटि व्यवसायी, स्टार्टअप शिक्षक विद्यार्थीहरू यिनै माध्यम मार्फत ज्ञान आदानप्रदान, तालिम, सेवा प्रवाह र उद्दम संचालन गर्दै आएका छन् त्यसमा अवरोध सृजना हुनु समग्र डिजिटल अर्थतन्त्रका लागि प्रतिकूल छ । तसर्थ डिजिटल सुरक्षाको नाममा लिइने कुनैपनि निर्णयले नागरिकको मौलिक अधिकार र सूचनाको स्वतन्त्रतालाई असर पुर्याउनु हुँदैन भन्ने यस एशोसिएसनको धारणा रहेको छ । सरकारको यस अविवेकी निर्णयको परिणामका कारण Gen-Z युवाहरूको भ्रष्टाचार र सामाजिक सञ्जालको बन्देज विरुद्धको आजको आन्दोलन र त्यसबाट देशमा सृजित विषम परिस्थितिले आज हामी सबैलाई गंभिर र चिन्तित तुल्याएकोछ । युवाहरूको आन्दोलनलाई सुरक्षित र व्यवस्थित गर्न नसक्दा राज्य संयन्त्रको सुरक्षा व्यवस्था दयनीय देखिएको छ । डेढ दर्जन भन्दा बढी युवाहरूको ज्यान जानु अत्यन्त दुःखद कुरा हो । सरकार र प्रहरी प्रशासनले गरेको यो दमनप्रति घोर भत्र्सना गर्दछौं र तत्काल नेपाल सरकारको राजिनामा समेत माग गर्दछौं ।

नेपाल इन्जिनियर्स एशोसिएसन सदैव लोकतान्त्रिक मूल्य, प्राविधिक स्वतन्त्रता र उत्तरदायी शासन प्रणालीको पक्षधर रहेकोले आन्दोलनरत युवा पुस्तालाई सम्यमित भइ आफ्ना मागहरु राख्न हार्दिक अपिल गर्दै सरकारको उक्त निर्णय यथाशीघ्र फिर्ता लिइ तत्काल वैकल्पिक प्रणालीको विकासका लागि संवाद तथा समन्वय मार्फत दीर्घकालीन नीति तय गरि अवरुद्ध सामाजिक सञ्जालहरू सुचारू गर्न तथा आन्दोलनका मृतकहरू प्रति हार्दिक श्रद्धाञ्ली व्यक्त गर्दै वहाँहरूको परिवारलाई उचित क्षतिपूर्तिसहित सम्पूर्ण घाइतेहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै तत्काल निःशुल्क उपचार गर्न गराउन यस एशोसिएसन जोडदार माग गर्दछ।

इ. विनोद प्रकाश पण्डित
महासचिव

इ सुबास चन्द्र बराल
अध्यक्ष